# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५०) काठमाडौं, माघ ४ गते २०५७ साल (अतिरिक्ताङ्क ५१


## भाग २

श्री ५ को सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको उनन्तीसौं वर्षमा संसद्ले बनाएको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०५७ सालको ऐन नं. १२

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## मदिरा ऐन, २०३१ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : मदिरा ऐन, २०३१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको उनन्तीसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ (१) यस ऐनको नाम "मदिरा (पहिलो संशोधन) ऐन, २०५७" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. मदिरा ऐन, २०३१ को दफा २ मा संशोधन : मदिरा ऐन, २०३१ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (क), (ख) र (ग) को सट्टा देहायका खण्ड (क), (ख) र (ग) राखिएका छन् :-

"(क) "मदिरा" भन्नाले अन्न, फलफूल वा अन्य कुनै स्टार्चयुक्त वस्तुलाई जीव रासायनिक प्रक्रियाद्वारा कुहाई वा अन्य कुनै तरीकाबाट तयार पारिएको अल्कोहलयुक्त पदार्थ सम्झनु पर्छ र सो शब्दले रक्सी, जाँड, छ्याङ, व्हिस्की, रम, जीन, ब्राण्डी, भोड्का, बियर, वाइन, सेरी, सेम्पेन, साइडर, पेरी, मिड, माल्टन, औद्योगिक अल्कोहल, रेक्टिफाइड स्प्रिट, माल्ट स्प्रिट, साइलेण्ट स्प्रिट, डिनेचर्ड स्प्रिट र हेड्स स्प्रिट समेतलाई जनाउँछ ।

(ख) "उत्पादन" भन्नाले मदिरा तयार गर्नका लागि आवश्यक पदार्थ कुहाउने, तताउने, पकाउने वा त्यस्तो पदार्थमा बास्ना वा स्वाद आउने गरी कुनै कुराको सम्मिश्रण गर्ने वा मदिरा तयार गर्नको लागि अपनाइने सबै वा कुनै विधि वा कार्य सम्झनु पर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) "अनुमतिपत्र" भन्नाले दफा ६क. बमोजिम मदिरा उत्पादन, बिक्री वितरण निकासी वा पैठारी गर्न दिइएको अनुमतिपत्र सम्झनु पर्छ ।"

३. मूल ऐनमा दफा ४क. थप : मूल ऐनको दफा ४ पछि देहायको दफा ४क. थपिएकोछ :-

"४क. मदिराको उत्पादन तथा बिक्री वितरणमा बन्देज : (१) कसैले पनि प्लाष्टिकको पोका (पाउच) मा मदिरा राखी मदिराको उत्पादन तथा बिक्री वितरण गर्नु हुँदैन ।

(२) कसैले पनि अठार वर्षको उमेर पूरा नगरेको व्यक्तिलाई मदिरा बिक्री वितरण गर्नु हुँदैन ।

(३) अठार वर्षको उमेर पूरा नगरेको व्यक्तिले मदिराको बिक्री वितरण गर्नु हुँदैन ।"

४. मूल ऐनको दफा ६ मा संशोधन : मूल ऐनको दफा ६ को सट्टा देहायको दफा ६ राखिएकोछ :-

"६. अनुमतिपत्रको लागि निवेदन दिन पर्ने : मदिराको उत्पादन, बिक्री वितरण, निकासी वा पैठारी गर्न चाहनेले अनुमतिपत्र लिनको लागि तोकिए बमोजिमको ढाँचामा तोकिएको अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।"

५. मूल ऐनमा दफा ६क., ६ख. र ६ग. थप : मूल ऐनको दफा ६ पछि देहायको दफा ६क., ६ख. र ६ग. थपिएका छन् :-

"६क. अनुमतिपत्र दिनु पर्ने : दफा ६ बमोजिम अनुमतिपत्रको लागि कुनै निवेदन पर्न आएमा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा निवेदकलाई अनुमतिपत्र दिन मनासिब देखेमा तोकिए बमोजिमको शर्तको अधीनमा रही



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मदिराको उत्पादन, बिक्री वितरण, निकासी वा पैठारी गर्न तोकिएको दस्तुर लिई तोकिएको ढाँचामा अनुमतिपत्र दिनु पर्नेछ ।

तर अठार वर्षको उमेर पूरा नगरेको व्यक्तिलाई अनुमतिपत्र दिइने छैन ।

६ख. अनुमतिपत्रको अवधि र नवीकरण : अनुमतिपत्रको अवधि र नवीकरण दस्तुर सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६ग. अनुमतिपत्र रद्द गर्न सक्ने : तोकिएको अधिकारीले दफा ६क. बमोजिम दिइएको अनुमतिपत्र देहायको अवस्थामा रद्द गर्न सक्नेछ :-

(क) अनुमतिपत्र नवीकरण नगरेमा,

(ख) अनुमतिपत्रमा तोकिएका शर्त उल्लंघन गरेमा,

(ग) दफा ४क. विपरीत काम गरेमा ।"

६. मूल ऐनको दफा ८ मा संशोधन : मूल ऐनको दफा ८ को सट्टा देहायको दफा ८ राखिएकोछ :-

"८. खानतलासी, कब्जा वा गिरफ्तार गर्न सक्ने : (१) कुनै स्थानमा यस ऐन बमोजिम सजाय हुने कसूर भएकोछ भन्ने मनासिब माफिकको कारण भएमा अन्तःशुल्क अधिकारीले त्यस्तो स्थानको खानतलासी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम खानतलासी गर्दा अन्तःशुल्क अधिकारीले खानतलासी गर्नु पर्ने कारण खोली खानतलासी गर्ने स्थानको धनी वा तत्काल सो स्थान प्रयोग गरिरहेको व्यक्तिलाई सो स्थानमा प्रवेश गर्नुभन्दा अगावै सूचना दिएर मात्र खानतलासी गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (२) बमोजिम खानतलासी गर्दा यस ऐन बमोजिम सजाय हुने कसूर भएको विश्वसनीय कारण देखिएमा त्यस्तो कसूरसंग सम्बन्धित सामान कब्जामा लिन सकिनेछ ।

(४) कुनै व्यक्तिले यस एन बमोजिम सजाय हुने कसूर गरेको वा गर्न लागेको छ र निजलाई गिरफ्तार नगरेमा निज भागी जाने सम्भावना छ भन्ने लागेमा अन्तःशुल्क अधिकारीले निजलाई गिरफ्तार गर्न सक्नेछ ।

(५) यस दफा बमोजिम खानतलासी, कब्जा वा गिरफ्तार गर्दा अन्तःशुल्क अधिकारीलाई प्रचलित कानून बमोजिम प्रहरीलाई भए सरहको अधिकार हुनेछ ।

(६) अन्तःशुल्क अधिकारीले यस दफा बमोजिम खानतलासी, कब्जा वा गिरफ्तार गर्दा स्थानीय प्रतिनिधिको रोहवरमा गर्नु पर्नेछ ।

(७) अन्तःशुल्क अधिकारीले यस दफा बमोजिम खानतलासी, कब्जा वा गिरफ्तार गर्दा अपनाउनु पर्ने अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।"

७. मूल ऐनको दफा ९ मा संशोधन : मूल ऐनको दफा ९ मा रहेका "कुनै घर जग्गा वा सवारीमा" भन्ने शब्दहरुको सट्टा "कुनै स्थानमा" भन्ने शब्दहरु राखिएका छन् ।

८. मूल ऐनको दफा ११ मा संशोधन : मूल ऐनको दफा ११ को सट्टा देहायको दफा ११ राखिएकोछ :-


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"११. दुःख दिने नियतले खानतलासी, कब्जा वा गिरफ्तार गर्नेलाई सजाय : यस ऐनको विरुद्ध काम भए गरेको भन्ने मनासिव शंका नभई अर्कालाई दुःख दिने, हैरानी गर्ने, वेइज्जति गर्ने वा क्षति पुऱ्याउने नियतले कुनै स्थानमा प्रवेश गर्न वा खानतलासी गर्ने गराउने, कसैलाई गिरफ्तार गर्ने गराउने, कब्जा वा जफत गर्न नहुने सामान कब्जा वा जफत गर्ने गराउने वा कसैलाई अनावश्यक क्षति वा चोट पुऱ्याउने वा पुऱ्याउन लगाउने व्यक्तिलाई छ महिनासम्म कैद वा एक लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।"

९. मूल ऐनको दफा १२ मा संशोधन : मूल ऐनको दफा १२ को सट्टा देहायको दफा १२ राखिएकोछ :-

"१२. दण्ड सजाय : (१) यस ऐन विपरीत काम गर्ने व्यक्तिलाई छ महिनासम्म कैद वा एकलाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

(२) यस ऐन विपरीतको कुनै काम गर्न उद्योग गर्ने वा त्यस्तो काम गर्न दुरुत्साहन गर्ने वा सो काममा सहयोग गर्ने व्यक्तिलाई तीन महिनासम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।"

१०. मूल ऐनको दफा १३ मा संशोधन : मूल ऐनको दफा १३ को सट्टा देहायको दफा १३ राखिएकोछ :-

"१३. मदिरा तथा अन्य सामानको जफत र बिक्री : (१) कुनै व्यक्तिले यस ऐन विपरीत मदिराको उत्पादन, बिक्री वितरण, निकासी वा पैठारी गरेमा सो कार्यसंग सम्बन्धित मदिरा अन्तशुल्क अधिकारीले जफत गर्नेछ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम जफत गरिएको मदिरामध्ये गुणस्तरयुक्त मदिरा अन्तःशुल्क अधिकारीले तोकिए बमोजिम लिलाम बिक्री गर्नु पर्नेछ ।

(३) यस ऐन विपरीत मदिराको कारोवार गर्न प्रयोग गरिएका सबै सामानहरु अन्तःशुल्क अधिकारीले जफत गरी तोकिए बमोजिम लिलाम बिक्री गर्नेछ ।

तर सवारी साधनको हकमा सवारी धनीको मन्जूरी रहेनछ भने त्यस्तो सवारी साधन जफत हुने छैन ।"

११. मूल ऐनमा दफा १३क. थप : मूल ऐनको दफा १३ पछि देहायको दफा १३क. थपिएको छ :-

"१३क. सहयोग गर्नु पर्ने : यस ऐन अन्तर्गत सजाय हुने कसूरको तहकिकातको सिलसिलामा अन्तःशुल्क अधिकारी वा निजबाट अधिकार पाएको कर्मचारीले सहयोग मागेमा आवश्यक सहयोग गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ ।"

१२. मूल ऐनमा दफा १५क. थप : मूल ऐनको दफा १५ पछि देहायको दफा १५क. थपिएकोछ :-

"१५क. पुरस्कार : (१) कसैले यस ऐन विपरीत मदिरा उत्पादन, संचय, बिक्री वितरण, ओसार पसार, निकासी वा पैठारी गर्न लागेमा वा गरेमा त्यसको सुराक दिने वा सबुत प्रमाण सहित मानिस पक्री पेश गर्ने व्यक्तिलाई सो कार्य भए गरेको प्रमाणित हुन आएमा देहाय बमोजिमको रकम पुरस्कार स्वरुप दिइनेछ :-

(क) सुराक दिने व्यक्तिलाई विगोको दश प्रतिशत,

(ख) मदिरा वा मानिस पक्री पेश गर्ने व्यक्तिलाई विगोको बीस प्रतिशत,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) मदिरा र मानिस दुवै पक्री पेश गर्ने व्यक्तिलाई बिगोको तीस प्रतिशत ।

(२) उपदफा (१) बमोजिम पुरस्कार दिने प्रयोजनको लागि मदिरा र सोसंग सम्बन्धित जफत भएको सामान लिलाम भएको अवस्थामा लिलामबाट प्राप्त रकमलाई विगो मानिनेछ ।

(३) कुनै कारणले जफत भएको मदिरा वा सामान लिलाम हुन नसकेमा वा लिलाम नहुने भएमा श्री ५ को सरकारले त्यस्तो सुराक दिने वा सबुत प्रमाण सहित मानिस पक्री पेश गर्ने व्यक्तिलाई उचित ठहऱ्याएको रकम पुरस्कार स्वरुप दिन सक्नेछ ।

(४) यस दफा बमोजिम पुरस्कार पाउने व्यक्ति एकजनाभन्दा बढी भएमा पुरस्कारको रकम दामासाहीले वितरण गरिनेछ ।"

लालमोहर सदर मितिः– २०५७११०१४१४

आज्ञाले,
उदयनेपाली श्रेष्ठ
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग २

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको उनन्तीसौं वर्षमा संसद्ले बनाएको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०५७ सालको ऐन नं. १३

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

## शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रको स्थापना र व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना** : शहीद गंगालाल श्रेष्ठको स्मृति चिरपर्यन्त कायम राख्ने उद्देश्यले हृदयरोगको रोकथाम, निदान, उपचार तथा हृदयरोगीको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पुनर्स्थापनाको लागि आवश्यक उच्चस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ रुपमा प्रदान गरी हृदयरोगीलाई मानवोचित जीवनयापन गर्न सक्षम तुल्याउन तथा हृदयरोग सम्बन्धी उच्चस्तरीय अध्ययन र अनुसन्धानका लागि आवश्यक दक्ष जनशक्ति तयार गर्न शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रको स्थापना गरी सञ्चालन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको उनन्तीसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र ऐन, २०५७" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "केन्द्र" भन्नाले दफा ३ बमोजिम स्थापना भएको शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र सम्झनु पर्छ ।

(ख) "समिति" भन्नाले दफा ७ बमोजिम गठित केन्द्र सञ्चालक समिति सम्झनु पर्छ ।

(ग) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(घ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष र समितिको सदस्य-सचिव समेतलाई जनाउँछ ।

(ङ) "कार्यकारी निर्देशक" भन्नाले दफा ११ बमोजिम नियुक्त कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. <u>केन्द्रको स्थापना</u> : (१) हृदयरोगको निदान, उपचार तथा हृदयरोगीको पुनर्स्थापनको लागि आवश्यक उच्चस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ रुपमा प्रदान गरी हृदयरोगीलाई मानवोचित जीवनयापन गर्न सक्षम तुल्याउन तथा हृदयरोग सम्बन्धी उच्चस्तरीय अध्ययन र अनुसन्धानका लागि आवश्यक दक्ष जनशक्ति तयार गर्न एक उच्चस्तरीय केन्द्रको रुपमा शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र स्थापना गरिएकोछ ।

(२) केन्द्र काठमाडौं जिल्लामा रहनेछ र आवश्यकता अनुसार अन्य जिल्लामा केन्द्रको शाखा र इकाई स्थापना गर्न सकिनेछ ।

४. <u>केन्द्र स्वशासित संस्था हुने</u> : (१) केन्द्र अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(२) केन्द्रको आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) केन्द्रले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) केन्द्रले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र केन्द्र उपर पनि सोही नामबाट नालिस, उजुर लाग्न सक्नेछ ।

५. <u>केन्द्रको उद्देश्य</u> : केन्द्रको उद्देश्य देहाय बमोजिम हुनेछ :–

(क) हृदयरोगको रोकथाम, निदान र उपचार तथा हृदयरोगीको पुनर्स्थापनाको लागि आवश्यक उच्चस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ रुपमा प्रदान गरी निजहरुलाई मानवोचित जीवनयापन गर्न सक्षम तुल्याउने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) हृदयरोगको उपचारको क्षेत्रमा आवश्यक दक्ष जनशक्ति तयार गर्ने तथा हृदयरोग सम्बन्धी उच्चस्तरीय अध्ययन अनुसन्धान गर्ने वा गराउने,

(ग) हृदयरोग निवारण तथा नियन्त्रण सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने,

(घ) मुलुकको स्वास्थ्य सेवाको क्षेत्रमा सुधार ल्याउन हृदयरोग सम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न श्री ५ को सरकारलाई परामर्श दिने,

(ङ) हृदयरोग निवारण सम्बन्धी अन्य रचनात्मक कार्य गर्ने ।

६. <u>केन्द्रको काम, कर्तव्य र अधिकार</u> : यस ऐनमा अन्यत्र लेखिएको काम, कर्तव्य र अधिकारका अतिरिक्त केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) केन्द्रको उद्देश्य प्राप्तिका लागि आवश्यक नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने,

(ख) हृदयरोगको रोकथाम, निदान, उपचार तथा हृदयरोगीको पुनर्स्थापनाका लागि आवश्यक उच्चस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ रुपमा उपलब्ध गराउने,

(ग) हृदयरोगको रोकथाम तथा हृदयरोगीको पुनर्स्थापना कार्यको लागि राष्ट्रिय हृदयरोग निवारण तथा नियन्त्रण कार्यक्रम सञ्चालन् गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) हृदयरोगको रोकथाम, निदान, उपचार तथा हृदयरोगीको पुनर्स्थापनाका लागि आवश्यक दक्ष जनशक्ति तयार गर्ने,

(ङ) केन्द्रको उद्देश्य पूरा गर्नको लागि हृदयरोग सम्बन्धी विषयमा उच्चस्तरीय अध्ययन, अनुसन्धान, सर्वेक्षण, गोष्ठी, सभा, सम्मेलन, सेमिनार आदि कार्यक्रमको आयोजना र सञ्चालन गर्ने तथा तत्सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सभा, सम्मेलन, गोष्ठी, सेमिनार आदिमा सहभागी हुने,

(च) हृदयरोगको रोकथाम, निदान र उपचार तथा हृदयरोगीको पुनर्स्थापन सम्बन्धी कार्यको स्तर अभिवृद्धि गर्नको लागि स्वदेशी तथा विदेशी, सरकारी तथा गैर सरकारी संस्थासंग सम्पर्क एवं समन्वय कायम राखी सो सम्बन्धमा राष्ट्रिय नीति, योजना तथा कार्यक्रम तयार गरी श्री ५ को सरकारमा पेश गर्ने,

(छ) हृदयरोगको रोकथाम, निदान र उपचार तथा हृदयरोगीको पुनर्स्थापना कार्यमा संलग्न निकायलाई प्राविधिक सहयोग प्रदान गर्ने,

(ज) हृदयरोगको रोकथाम, निदान, उपचार तथा हृदयरोगीको पुनर्स्थापन कार्यमा छात्रवृत्ति, पदक र पुरस्कार प्रदान गर्ने,

(झ) केन्द्रबाट प्रदान गरिने स्वास्थ्य सेवा, परामर्श सेवा, अनुसन्धान सेवा, प्रयोगशाला सेवा लगायतका विभिन्न सेवा बापतको शुल्क तोक्ने र प्राप्त गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ञ) केन्द्रको सञ्चालनको लागि श्री ५ का सरकार वा विदेशी सरकार वा राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ, संस्था, निकाय वा व्यक्तिबाट केन्द्रलाई आवश्यक पर्ने जिन्सी, वित्तीय, प्राविधिक तथा अन्य सहयोग प्राप्त गरी परिचालन गर्ने,

(ट) हृदयरोग सम्बन्धी स्वदेशी तथा विदेशी, सरकारी तथा गैर सरकारी संस्थाहरुसंग सम्बन्ध स्थापना, विस्तार र सुदृढ गरी पारस्परिक सहयोग आदान प्रदान गर्ने,

(ठ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा हृदयरोग सम्बन्धी विशेषज्ञ सेवाको आदान प्रदान गर्ने,

(ड) आवश्यकता अनुसार हृदयरोग सम्बन्धी घुम्ती स्वास्थ्य सेवा सञ्चालन गर्ने,

(ढ) हृदयरोग विरुद्ध तथा हृदयरोग सम्बन्धी स्वास्थ्य सेवाको उपयोगिता र उपादेयता बारे सूचना प्रवाह गर्ने, हृदयरोग सम्बन्धी स्वास्थ्य सेवा बारे विभिन्न सामाग्रीहरु प्रकाशन गर्ने वा गराउने तथा जनचेतना जागृत गर्ने वा गराउने,

(ण) हृदयरोग सम्बन्धी स्वास्थ्य सेवामा सूचना प्रवाह र अनुसन्धान, प्रबन्धका लागि तोकिएको जिल्लाहरुमा नमूना सूचना एवं अनुसन्धान क्षेत्रको विकास गर्ने,

(त) केन्द्रको लागि आवश्यक वैज्ञानिक उपकरण, प्रयोगशाला, पुस्तकालय लगायत अन्य सुविधाको विकास, विस्तार तथा विविधिकरण गर्ने,


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(थ) केन्द्रद्वारा सञ्चालित योजना तथा कार्यक्रमको आवधिक रुपमा पुनरावलोकन तथा मूल्याङ्कन गर्ने,

(द) केन्द्रले गरेका नीतिगत निर्णय र सोको कार्यान्वयनको सम्बन्धमा भएको प्रगति आवधिक रुपमा श्री ५ को सरकारलाई जानकारी गराउने,

(ध) केन्द्रको वार्षिक प्रतिवेदन श्री ५ को सरकार समक्ष पेश गर्ने,

(न) केन्द्रको उद्देश्य पूर्ति गर्न अन्य आवश्यक कामहरु गर्ने, गराउने ।

७. केन्द्र सञ्चालक समिति : (१) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम केन्द्रलाई प्राप्त भएको सम्पूर्ण काम, कर्तव्य तथा अधिकारको प्रयोग गरी केन्द्रको सञ्चालन, रेखदेख र व्यवस्थापनको लागि देहाय बमोजिमको एक सञ्चालक समिति गठन हुनेछ :-

(क) स्वास्थ्य मन्त्री वा स्वास्थ्य राज्यमन्त्री - अध्यक्ष

(ख) केन्द्र रहेको प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्रबाट निर्वाचित प्रतिनिधि सभाको सदस्य - सदस्य

(ग) सदस्य, राष्ट्रिय योजना आयोग (स्वास्थ्य क्षेत्र हेर्ने) - सदस्य


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) सचिव, अर्थ मन्त्रालय वा निजले तोकेको अर्थ मन्त्रालयको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत – सदस्य

(ङ) सचिव, स्वास्थ्य मन्त्रालय वा निजले तोकेको स्वास्थ्य मन्त्रालयको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत – सदस्य

(च) हृदयरोग सम्बन्धी विशेषज्ञ चिकित्सकमध्येबाट श्री ५ को सरकारबाट मनोनीत तीनजना – सदस्य

यस खण्ड बमोजिम सदस्य मनोनयन गर्दा केन्द्रमा कार्यरत विशेषज्ञ चिकित्सक–मध्येबाट दुईजना मनोनयन गरिनेछ ।

(छ) लब्ध प्रतिष्ठित महिला समाजसेवीमध्येबाट एकजना – सदस्य

(ज) चन्दादाताहरुमध्येबाट सञ्चालक समितिको सिफारिसमा श्री ५ को सरकारवाट मनोनीत एकजना – सदस्य

(झ) विभिन्न चिकित्साशास्त्र अध्ययन संस्थानका प्रमुखहरुमध्येबाट श्री ५ को सरकारबाट मनोनीत एकजना – सदस्य


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ञ) हृदयरोग निवारणको क्षेत्रमा राष्ट्रिय स्तरमा कार्यरत प्रतिष्ठित गैर सरकारी संस्थाका प्रमुखहरुमध्येबाट श्री ५ को सरकारबाट मनोनीत एकजना - सदस्य

(ट) कार्यकारी निर्देशक - सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (च), (छ), (ज), (झ) र (ञ) बमोजिमका सदस्यहरुको पदावधि चार वर्षको हुनेछ र निजहरु पुनः मनोनीत हुन सक्नेछन् ।

(३) समितिले आवश्यक देखेमा कुनै विशेषज्ञलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिको बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

८. सदस्यता कायम नरहने : (१) समितिका मनोनीत सदस्यहरु देहायको कुनै अवस्थामा आफ्नो पदमा बहाल रहने छैनन् :-

(क) पदावधि समाप्त भएमा,

(ख) श्री ५ को सरकार समक्ष राजीनामा दिएमा,

(ग) मृत्यु भएमा,

(घ) कुनै सूचना नदिई लगातार तीनपटकसम्म समितिको बैठकमा अनुपस्थित रहेमा ।

(२) उपदफा (१) बमोजिम कुनै सदस्यको पद रिक्त भएमा बाँकी अवधिको निमित्त यथाशीघ्र अर्को सदस्य मनोनयन गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. <u>काम कारबाही बदर नहुने</u> : समितिको गठनमा कुनै त्रुटी भई वा कुनै सदस्यको स्थान रिक्त भई समितिको कुनै काम कारबाही भएको भए तापनि सोही कारणले मात्र त्यस्तो काम कारबाही बदर हुने छैन ।

१०. <u>अध्यक्षको काम, कर्तव्य र अधिकार</u> : अध्यक्षको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

११. <u>कार्यकारी निर्देशक, सल्लाहकार तथा अन्य कर्मचारी</u> : (१) केन्द्रको प्रशासकीय प्रमुखको रुपमा दैनिक प्रशासन सञ्चालन गर्नको लागि हृदयरोग विशेषज्ञमध्येबाट श्री ५ को सरकारले एक कार्यकारी निर्देशक नियुक्त गर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ र निज पुनः नियुक्त हुन सक्नेछ ।

(३) कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(४) केन्द्रले आवश्यकता अनुसार प्राविधिक तथा प्रशासनिक सल्लाहकार र कर्मचारीहरु नियुक्त गर्न सक्नेछ ।

१२. <u>पारिश्रमिक, सेवाको शर्त र सुविधा</u> : (१) कार्यकारी निर्देशक र केन्द्रको सल्लाहकार तथा कर्मचारीहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा तोकिए बमोजिम हुनेछ ।

(२) सदस्यले समितिको बैठकमा भाग लिए बापत तोकिए बमोजिमको भत्ता पाउनेछ ।

१३. <u>केन्द्रको कोष</u> : (१) केन्द्रको एउटा कोष हुनेछ र सो कोषमा देहायका रकमहरु रहनेछन् :-

(क) श्री ५ को सरकारबाट प्राप्त अनुदान रकम



६३६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) कुनै विदेशी संस्था, सरकार वा अन्तर्राष्ट्रिय संस्थाबाट प्राप्त रकम,

(ग) केन्द्रले प्रदान गरेको विभिन्न सेवाबाट प्राप्त रकम,

(घ) विभिन्न व्यक्तिहरुबाट प्राप्त अनुदानको रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) केन्द्रको खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(३) श्री ५ को सरकार, विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट जुन कार्यक्रम वा कार्यको निमित्त केन्द्रलाई रकम प्राप्त भएको छ, सो रकम सोही कार्यक्रम वा कार्यमा खर्च गर्नु पर्नेछ ।

(४) केन्द्रको कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

१४. लेखा र लेखापरीक्षण : (१) केन्द्रको आय-व्ययको लेखा तोकिए बमोजिम राखिनेछ ।

(२) केन्द्रको आय-व्ययको लेखापरीक्षण महालेखा परीक्षकको विभाग वा सो विभागले तोकेको लेखा परीक्षकबाट हुनेछ ।

१५. प्राविधिक समिति गठन गर्न सक्ने : (१) केन्द्रलाई आवश्यक पर्ने प्राविधिक सेवा तथा सहयोग उपलब्ध गराउन समितिले आवश्यकता अनुसार प्राविधिक समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित प्राविधिक समितिको काम, कर्तव्य र अधिकार तथा कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
526

१६. <u>उपसमिति वा कार्यटोली गठन गर्न सक्ने</u> : (१) समितिले आफ्नो कार्यक्रम सञ्चालन गर्न आवश्यकता अनुसार उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमिति वा कार्यटोलीको काम, कर्तव्य र अधिकार तथा कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

१७. <u>अधिकार प्रत्यायोजन</u> : समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आवश्यकता अनुसार समितिको कुनै सदस्य वा अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१८. <u>वार्षिक प्रतिवेदन</u> : समितिले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र वार्षिक प्रगति विवरण तयार गरी श्री ५ को सरकार समक्ष पेश गर्नु पर्नेछ ।

१९. <u>निर्देशन दिन सक्ने</u> : श्री ५ को सरकारले यो ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यक देखेका नीतिगत कुराका सम्बन्धमा केन्द्रलाई निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु केन्द्रको कर्तव्य हुनेछ ।

२०. <u>श्री ५ को सरकारसंग सम्पर्क</u> : हृदयरोगको रोकथाम, निदान, उपचार तथा हृदयरोगीको पुनर्स्थापन सम्बन्धी नीतिगत विषयमा केन्द्रले श्री ५ को सरकारसंग सम्पर्क राख्नु परेमा स्वास्थ्य मन्त्रालय मार्फत् राख्नु पर्नेछ र अन्य विषयमा श्री ५ को सरकारको जुनसुकै मन्त्रालय वा सो मन्त्रालय अन्तर्गतका निकायसंग सोझै सम्पर्क राख्न सक्नेछ ।

२१. <u>नियम बनाउने अधिकार</u> : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न समितिले आवश्यक नियमहरु बनाउन सक्नेछ


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२. **खारेजी र बचाउ** : (१) शहीद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्र विकास समिति (गठन) आदेश, २०५५ खारेज गरिएकोछ ।

(२) उपदफा (१) बमोजिमको गठन आदेश अन्तर्गत गठित समितिको नाममा रहेको हक, दायित्व, चल अचल सम्पत्ति यस ऐन बमोजिम स्थापना भएको केन्द्रमा सर्नेछ र उक्त समितिबाट भए गरेका काम कारबाहीहरु यसै केन्द्रबाट भए गरेको मानिनेछ ।

लालमोहर सदर मितिः– २०५७।१०।४।४

आज्ञाले,
उदयनेपाली श्रेष्ठ
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । 535

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।